'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

रुकुमको लोकप्रिय पत्रिका — हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

वार्षिक ग्राहक शुल्क १०००

www.rekhadekh.com — प्रेस काउन्सिल नेपालबाट 'क' वर्गमा वर्गीकृत — राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३५ रुकुम २०७९ भदौ ६ सोमबार 22 August 2022 Monday पृष्ठ ८

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा
सम्पर्कको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-rekhadekh@gmail.com



**एक विकासे अन्यायका पात्र कार्यालय प्रमुख**

यति गर्न नसके पनि स्थानीय सरकार नगरपालिका, गाउँपालिकाका मातहतका वडाहरु मार्फत ती योजनाहरु सञ्चालन गराएर सम्पन्न गर्ने गराउने जिम्मेवारी दिएको थियो ।

२



**समाजवादी रुकुम पश्चिमको छैटौं बैठक सम्पन्न**

मुसीकोटमा बसेको बैठक संघीय तथा प्रदेश सभाको निर्वाचनमा केन्द्रित रहेको छ । बैठकले पार्टीलाई कसरी अगाडि लैजाने भन्ने विषयमा पनि विचार विमर्श सहित महत्वपूर्ण निर्णय गरेको जनाएको छ ।

३



**अब कुकुर बिरालोलाई गर्मी हुने छैन**

गर्मीको समयमा आफ्नो घरमा पालेका कुकुर तथा बिरालो लगायतका जनावरलाई आफुसँगै घरबाहिर लैजान समस्या पर्दछ । घरभित्रै पनि यी जनावरलाई निकै गर्मी महसुस हुन्छ र आत्तिन्छन् ।

४

## संरक्षण अभावमा

# मुसीडाँडाका संरचना भत्कीन थाले

■ रेखदेख संवाददाता


**रुकुम**

रुकुम पश्चिमको मुसीकोट नगरपालिका वडा नं.-४ स्थित मुसीकोटडाँडामा रहेका संरचनाहरु संरक्षणको अभावमा जिर्ण बन्दै गएका छन । दरवार परिसरमा रहेका संरचना टुट्न थालेपछि मुसीकोटडाँडा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा समेत कमी आउन थालेको छ।

रुकुम पश्चिमको सबैभन्दा बढी आन्तरीक पर्यटक आगमन हुने मुसीकोट डाँडा हो। तर पछिल्लो समय मुसीकोटडाँडामा हेर्न आउने पर्यटकको संख्यामा कमी आउन थालेको जनाएको छ। पर्यटकलाई आकर्षण गर्न मुसीकोटडाँडा क्षेत्रभित्र निमार्ण गरिएका भौतिक संरचनाहरु टुट्फुट भएका छन्। जसका कारण मुसीकोटडाडाँ हेर्न आउने पर्यटकको संख्यामा कमी भएको स्थानीयले बताएका छन्।

मुसीकोटडाँडामा बाइसे/चौबीसे राज्य सञ्चालनको क्रममा मुसीकोटमा दरबार थियो। अरु ठाउँभन्दा अग्लो र आकर्षक रहेकाले राजाले डाँडामा दरबार बनाएको किम्वदन्ती छ। दरबार क्षेत्रलाई पछि मुसीकोट दरबार नामाकरण गरिएको थियो।

राजाकी मुसी नाम गरेकी नोकर्नीले पत्ता लगाएकाले दरबार र डाँडाको नाम मुसीकोट राखिएको इतिहास छ। मुसीकोट नगरपालिकाको अभिलेख अनुसार १४६५ मा रुकुम राज्य स्थापना गरिएको थियो। विसं.



१८४३ मा मुसीकोट राज्य गोरखा राज्यमा विलय भएको थियो।

त्यसपछि यहाँको दरबार भत्किएको र अहिले सम्म स्थानीय, प्रदेश र संघीय सरकारले संरचना निर्माण गर्न कुनै पहल नगरेको स्थानीयले गुनासो गरेका छन्।

पछिल्लो समय मुसीकोट दरवार क्षेत्रभित्र निमार्ण गरिएका बालस्तम्भ, बाघ, नाग प्रतिमा, बदेल, लगाएतका संरचनामा केही टुट्फुट भएको बताएको छ। मुसीकोट दरबार क्षेत्रमा मुसीकोट दरबार निर्माण गर्नुका साथै पछिल्लो पटक निर्माण गरिएका भ्यूटावरको छानो समेत हावाले उडाएको भन्दै टुटेका संरचनाहरु पुर्ननिमार्ण गर्नपर्ने घुम्न जाने आन्तरीक पर्यटकले बताएका छन ।

दरवार संरक्षणमा स्थानिय सरकारले ध्यान नदिएको भन्दै स्थानिय आशा बुढाथोकीले गुनासो गरेकी छिन्। यता मुसीकोट नगरपालिकाले भने दरवार लाई पर्यटनमैत्री बनाउन गुरुयोजनाको अवधारण अगाडी सार्ने बताएको छ। दरवार प्रवेश गर्ने बाटो व्यक्तिगत जग्गामा पर्ने भएकाले पटक पटक जग्गा धनीसँग सामान्य विवाद हुँदै आएको छ।

तिन महिनादेखि दरवार बन्द भएका कारण दरवारभित्र निमार्ण गरिएका भौतिक संरचनहरुमा केहि क्षेती भएको मुसीकोट नगरपालिकाका प्रमुख महेन्द्र केसीले जानकारी दिएका छन्। उनले भने, दरवारको अनुगमन गरी दरवारलाई पर्यटकिय गन्तव्य स्थल बनाउन भत्कीएका संरचना पुर्ननिर्माण गर्नुको साथै दरवारभित्र थप संरचना निर्माण गर्नुपर्ने भएको छ।

२ हजार ५० वर्गमिटर क्षेत्रफलमा फैलिएको मुसिकोट दरवार परिसरभित्र ऐतिहासिक मठ मन्दिर, त्रिशूल, बालउद्यान, मुसी, बँदेलगुफा, नागको प्रतिमा, बच्चाबच्चिी खेल्ने विभिन्न स्तम्भहरु,भ्युटावर प्रतिक्षालय,लगायतका संरचनाहरु निमार्ण गरिएको छ। यसको संरक्षण र संवर्द्धनका लागि स्थानीय, प्रदेश र संघीय सरकारले पहल गर्नुपर्ने देखिन्छ।

## वित्तिय विवरण सम्वन्धि सार्वजनिक सूचना

सहकारी विभागको मिति २०७९/४/३१ गते जारी निर्देशनको बुँदा नं. ८ सँग सम्वन्धित श्री डिग्रे साईकुमारी वचत तथा ऋण सहकारी संस्था लिमिटेड रुकुम पश्चिमको संक्षिप्त वित्तिय विवरण सम्वन्धि सार्वजनिक गरेको सूचनाको विवरण यस प्रकार रहेको छ ।

द.नं. : १९२-०६२/६३
पान नं. : ३०५९३३४७९

भिजन(vision)/आत्म निर्भर,सशक्त वित्तिय सहकारी संस्थाको रुपमा स्थापित हुनेछ

### डिग्रे साईकुमारी वचत तथा ऋण सहकारी संस्था लि.को संक्षिप्त वित्तिय विवरण

| विवरण | | आ.व. २०७८/७९ असार मसान्तको बर्तमान अवस्था | | |
|---|---|---|---|---|
| कूल शेयर पुंजी | रु | ४९९९२४००. | | |
| जगेडा कोष | रु | २२८९७००३. | | |
| विभिन्न कोषहरुको जम्मा रकम | रु | ५६५०५४६. | | |
| कुल संस्थागत पुँजि | रु | ७८५३९९४९. | | |
| कुल वचत | रु | १५६६२०९०६.३९ | | |
| लगानीमा रहिरहेको ऋण रकम | रु | १८९५११८७३.६२ | | |
| कुल सम्पति | रु | २६८१७३५१३.८६ | | |
| कुल सदस्य संख्या | : | ४८३४. | पुरुष :२६७३ | महिला :२१६१ |
| ऋणी सदस्य संख्या | : | ८०६. | | |
| तरलता रकम र प्रतिशत | : | ५६०७४८२१.२७ | ३५.८० प्रतिशत | |
| कार्यक्षेत्र | | साविक रुकुम जिल्ला(रुकुम पश्चिम र रुकुम पर्वी जिल्ला) | | |

Email : digresc@gmail.com

ठेगाना :मुसिकोट नगरपालिका वडा नं. १ खलंगा रुकुम पश्चिम
फोन नं. : ०८८५३०११२,०८८५३०१८९

## रुकुम पश्चिममा एम्बुलेन्सको नयाँ भाडादर तोकियो



■ रेखदेख संवाददाता

**रुकुम**

रुकुम पश्चिममा एम्बुलेन्सको नयाँ भाडादर कायम गरिएको छ। एम्बुलेन्स सञ्चालकहरुले बिरामीहरुबाट मनोमानी रुपमा भाडा लिने गरेको गुनासो आएपछि भाडादरमा एकरुपता कायम गर्न नयाँ भाडादर कायम गरेको हो।

बिहिबार जिल्ला प्रशासन कार्यालयमा बसेको एम्बुलेन्स भाडा निर्धारण समितिको बैठकले नयाँ भाडादर कायम गरेको जनाइएको छ। यसअघिको भन्दा केहि भाडा दर बृद्धि गरिएको छ।

अब बिरामीका लागि कच्ची बाटोमा प्रति किमी २ सय र पक्की बोटोमा प्रतिकिमि १५० रुपैयाँ भाडा तोकिएको रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी परमानन्द घिमिरेले जानकारी दिएका छन्। उनका अनुसार समितिले स्वास्थ्य सेवा कार्यालय सल्ले र मुसीकोट नगरपालिकाबाट जिल्ला भित्र र बाहिर जिल्ला विरामी लैजान भाडादर तोकेको हो । अबदेखि मुसीकोटबाट चौरजहारीका लागि ७ हजार र रुकुम पूर्वका लागि ६ हजार रुपैयाँ भाडा कायम गरिएको संयुक्त एम्बुलेन्स चालक संघ, नेपाल रुकुम पश्चिमका अध्यक्ष कृष्ण कुमार ददेलले जानकारी दिएका छन्। मुसिकोटबाट सल्यानका लागि ८५००, सुर्खेतको लागि १५ हजार, रुकुम पूर्व बागलुङ हुदै काठमाडौं ३३ हजार र सल्यान दाङ हुँदै काठमाडौंको लागि ३५ हजार रुपैयाँ भाडा लिन पाउने व्यवस्था मिलाइएको छ। यस्तै मुसिकोटबाट तुल्सीपुरका लागि १३ हजार, घोराहीको लागि १४ हजार र नेपालगञ्जको लागि १८ हजार रुपैयाँ कायम गरिएको छ। बैठकले गन्तव्य स्थान सम्मको भाडा असुल गर्दा अनिवार्य रुपमा विल दिनुपर्ने र तोकिए भन्दा बढी भाडा असुलेको पाईएमा कारबाही गर्ने निर्णय गरेको छ। यसका साथै गत बर्षको बार्षिक प्रतिवेदन यहि भदौ २५ र मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र समितिलाई पेश गनुपर्ने छ।

जिल्लाका अधिकाश एम्बुलेन्सहरु नविकरण नभएकोले तत्कालै नविकरण गर्ने, भदौ महिना भित्र सबै एम्बुलेन्समा जिपिएस जडान र (ग) वर्गका एम्बुलेन्सहरु (ख) वर्गमा लिनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने समितिले निर्णय गरेको छ।

'सुरक्षित पानी, स्वस्थ जिन्दगानी'

## जनहितमा जारी सन्देश

मौसम परिवर्तनको समयमा विभिन्न रोगहरुको प्रकोप वढ्ने हुँदा सुरक्षित पानीके प्रयोग तथा सुरक्षित व्यवहार अपनाऔं । कोभिड-१९ जस्तो महामारीबाट बच्न र अरुलाई पनि बचाउन बेला बेलामा हात धुने गरौं ।

**तेज नारायण महतो**
खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय
रुकुम (पश्चिम)

## रेखदेखको ग्राहक बन्न

रुकुम (पश्चिम) :
९८४७८७६७१३
९८१०९२५१७९
रुकुम (पूर्व) :
९८६९९८३२२८
९८२४५२०१०९
बहुउद्देश्यीय सेवा सम्पर्क प्रा.लि.
९८४४९१७४८५

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

### कान्छो जिल्ला रुकुम पूर्वका सम्भावना र चुनौति

रुकुम पूर्व नेपालको कान्छो जिल्ला हो । नेपालको संविधान २०७२ को अनुसुची(४ मा उल्लेख गरिए अनुसार रुकुम पूर्वी भाग प्रदेश नं. ५ मा पर्दछ । वि.सं. २०३० साल वैशाख २ गते तत्कालीन पञ्चायती व्यवस्थामा शासन गरिरहेका केही पञ्चहरुको सत्ता स्वार्थका कारण रुकुम जिल्लाको सदरमुकाम रातारात मुसीकोट सारेपछि ओझेलमा परेको पूर्वी रुकुमको रुकुमकोटमा ४४ बर्षपछि कान्छो जिल्लाको अस्थायी सदरमुककाम बनेको थियो । तर २०७४ माघ ११ गतेको मन्त्री परिषद्को निर्णयले रुकुम पूर्वको सदर मुकाम कोलको गोलखारा तोकेको छ । यस विषय सर्वोच्च अदालत सम्म पुगेको छ । रुकुम पूर्वी जिल्ला पर्यटकीय दृष्टिकोणले निकै सम्भावना बोकेको जिल्ला हो । यहाँ ५२ पोखरी र ५३ टाकुरी, नेपालकै दुर्लभ मानिने कमल पाइने कमल दह अन्य साना ठुला तालतलैया यहाँ अवस्थित छन् । यसका साथै पर्यटकीय दृष्टिकोणले पर्यटकीय र रमणीय गुफा, मठमन्दिर, पुथाहिमाल, सिस्ने हिमाल, लगायतका एक दर्जन बढी हिमश्रृखलाहरु यहाँ अवस्थित रहेका छन् । मगर समुदायको वसोबास रहेको र नेपालको एक मात्र सिकार आरक्षण ढोरपाटन वन्यजन्तु सिकार आरक्षण क्षेत्रको कुल भाग मध्ये ६५.२९ प्रतिशत भु(भाग समेत रहेको छ । पर्यटन क्षेत्रको प्रचार(प्रसार विकास भएमा आर्थिकको उपयुक्त स्रोत बन्न सक्छ । यस जिल्ला जडिबुटीको भण्डार नै मानिन्छ । बहुमुल्य जडिबुटी यार्सागुम्बा, पाँचऔले, चिराइतो, तितेपाती, समय, कुरिला, टिम्मुर जस्ता पहाडी र हिमाली जडिबुटीको भण्डारको रुपमा रहेको छ । त्यस्तै यस जिल्ला पशुपालन, उद्योगिक क्षेत्रको लागि पनि उतिकै सम्भावित क्षेत्र हो । यस क्षेत्रमा घरेलु तथा साना उद्योग मार्फत भेडाको ऊन, अल्लो, केतुके लगायतका कच्चा पर्दाथको प्रयोगबाट राडिपाखी अर्न्तगत कम्बल, पटुका, गल्वदी समेत उत्पादन हुने विक्री वितरण समेत हुने गर्दछ । यस जिल्ला जलविद्युत क्षेत्रको लागि समेत उतिकै महत्वपूर्ण मानिन्छ । नयाँ जिल्लाका केही चुनौतिहरु पनी छन् । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायातको क्षेत्रमा अझै पहुँच पुग्न सकेको छैन् । विशेषगरी पूर्वी रुकुमका रन्मामैकोट, कोल, राङसी, हुकाम, जाङ, तकसेरा, सिस्ने, प्वाङ लगायतका क्षेत्रहरु अझै पनि टेलिफोनको सहज सुविधा छैन् । भने यातायात, स्वास्थ्यमा समेत सहज पहुँच छैन् । यस क्षेत्रको अर्को समस्या र चुनौति भनेको भ्रष्टचार र अनियमिता पनि हो । यसको न्यूनीकरण गरे पुर्वी रुकुम कान्छो जिल्लामा मात्र होइन विकास हिसावले समृद्धि जिल्ला बन्ने छ ।

रेखदेख

पाठक वर्गमा अनुरोध

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरु कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४८८६७१३, ९८५१२३६७१३ ईमेल : prabir.rukum@gmail.com वा rekhadekh@gmail.com मा पठाउनुहोला । सम्पादक

# एक विकासे अन्यायका पात्र कार्यालय प्रमुख

यति गर्न नसके पनि स्थानीय सरकार नगरपालिका, गाउँपालिकाका मातहतका वडाहरु मार्फत ती योजनाहरु सञ्चालन गराएर सम्पन्न गर्ने गराउने जिम्मेवारी दिने गराएमा सफल तरिकाले योजना सम्पन्न गराउने अवस्था हुने थियो । कर्णाली प्रदेश सरकारले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तीन वटै विषयत विभागहरुवाट गरिने सवै प्रकारका योजनाहरु डिभिजन वन कार्यालय मार्फत गोलडाबाँडोल पारेर जिम्मेवारी दिने तर दक्ष जनशक्तिको व्यवस्था नगरिदिने गर्दा डिभिजन वन कार्यालयहरुलाई विना जनशक्तिको बोझ थोपारेर दिएको आभाष हुन्छ ।



लालबहादुर के.सी.

कर्णाली प्रदेश सरकारले भाषा भाषी भौगोलिक अवस्था, हावापानी स्थिती, प्रशासनिक स्थिती, राष्ट्रिय परिस्थिती, धर्म, संस्कृति, मठ मन्दिर, बाटोघाटो पुलपुलेसा, पर्यापर्यटन, नदीनाला, तालतलैया,ऐतिहाँसिक स्थलहरुको जिर्नोदार तथा निर्माण गर्नका लागि प्रत्येक आर्थिक वर्षहरुमा प्रदेशका १० वटै जिल्लाहरुमा अवस्था र स्थिती अनुसार बजेट विनियोजन गरेर उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय मार्फत मातहतको निकाय डिभिजन वन कार्यालय मार्फत प्राविधिक सहयोगमा लागत तयार गरी योजनाहरु सञ्चालन गर्दै आईरहेको छ ।

कुनैं पनि सरकारले जिम्मेवारी हस्तान्तरण गर्दा पुर्वाधारहरुको निर्माण गर्ने स्थल वा भुगोल दक्ष जनशक्ति वा त्यस ठाउँको आवश्यकता वा महत्वको राम्रो जानकारी लिई अवस्था अध्ययनका लागि सकभर जिम्मेवार व्यक्तिहरुले आफै स्थलगत अध्ययन, भ्रमण, अवलोकन, अनुगमन, निरिक्षण र मुल्याङ्कन गरेर बजेटको व्यवस्था गरी बजेटको निकासा गर्ने गरिएमा धेरै राम्रो हुने थियो । त्यति गर्न सम्भव नभएमा त्यस ठाउँको समाजसेवी, प्रतिनिधि र जानकार व्यक्तिहरुसँग बुझ्नका लागि आफ्ना मातहतका दक्ष जनशक्ति खटाई सबै कुरा बुझी स्थलगत प्रतिवेदन बुझाउन लगाई यर्थात कुरा बुझेर योजना तयार पारी समुदायमा योजना दिन सकेमा प्रदेश सरकारले गरे गराएका कार्यहरुमा सुनमा सुगन्ध थपे जस्तै हुने थियो ।

यति गर्न नसके पनि स्थानीय सरकार नगरपालिका, गाउँपालिकाका मातहतका वडाहरु मार्फत ती योजनाहरु सञ्चालन गराएर सम्पन्न गर्ने गराउने जिम्मेवारी दिने गराएमा सफल तरिकाले योजना सम्पन्न गराउने अवस्था हुने थियो । कर्णाली प्रदेश सरकारले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तीन वटै विषयत विभागहरुवाट गरिने सवै प्रकारका योजनाहरु डिभिजन वन कार्यालय मार्फत गोलडाबाँडोल पारेर जिम्मेवारी दिने तर दक्ष जनशक्तिको व्यवस्था नगरिदिने गर्दा डिभिजन वन कार्यालयहरुलाई विना जनशक्तिको बोझ थोपारेर दिएको आभाष हुन्छ । प्रदेशवाट सञ्चालन हुने सारा योजनाहरु उद्योग सम्वन्धी योजनाहरु उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, पर्यटन सम्वन्धी कार्यक्रमहरु सम्वन्धित निकायको स्थापना गरी दिने गर्ने र वन, वातावरण, पर्यापर्यटन र प्राकृतिक स्रोत सम्पदा सम्बन्धी योजनाहरु मात्र डिभिजन वन कार्यालय मार्फत गर्ने गराउने गरेमा योजनाहरु प्रभावकारी ढंगले सम्पन्न होलान ।

प्रत्येक वर्ष डिभिजन वन कार्यालय मार्फत कार्यक्रमहरु आउने तर सफल नहुने अवस्था देखिएकोले सवै कार्यक्रमहरु डिभिजन वन कार्यालयमा थुपार्नु त्यति सान्दर्भिक देखिदैन । डिभिजन वन कार्यालय भनेको त वन, वातावरण, पर्यापर्यटन सम्वन्धित रहेर काम गर्ने अझ वन संरक्षण र विकाससँग सम्वन्धित रहेर प्राविधिक कार्यमा सहयोग गर्ने निकाय पो हो त ? निर्माणका काम पनि सवै डिभिजन वन कार्यालयमा दिने परिपाटीले गर्दा कतै सम्पन्न भएका योजनाहरु कागजी घोडामा दौडिरहेका त छैन्त भनी सेवाग्राहीहरुको गुणासो रहँदै आएको भए पनि कसैले केही बोल्न सकेको अवस्था छैन् । अहिलेको विकास नक्कली भईसकेको छ आफ्ना पार्टी संगठन, कर्मचारी युनियनहरुको निकटतम हेर्ने, आफ्नो अनुकलतामा प्राथमिकरण गरेर, सुचना प्रकाशन गरेर पनि लिस्टमा नाम प्रकाशन गरेर पनि मनपरी तरिकाले पनि केही योजनाहरु व्यक्तिगत आकांक्षाका आधारमा योजनाहरु परिचालन भएका अवस्थाहरु छन् यसमा कतै आर्थिक मिलेमतो र कागजी मिलेमतो त छैन वा पारदर्शी छ कि छैन भनेर सम्वन्धित यिमनकारी निकायहरुले हेर्न जरुरी छ । नेपालमा संघ, प्रदेश र स्थानीय तह तीनै वटा सरकारहरु चलिरहँदा आ-आफ्नै काम, कर्तव्य अधिकारहरु संघको ३५, प्रदेशको २१ र संघ र प्रदेशको साझा सुचीमा ३५, स्थानीय तहको सरकारकोमा २२ वटा अधिकारहरु तोकिएकोमा तीनवटैको साझा सुचीमा १५ वटा रहेका छन् । स्थानीय सरकारमा स्पष्ट निति, नियम, निर्देशिका तथा कार्यविधिहरु वनाएर प्रत्येक टोलहरुमा टोल विकास संस्था लगायत अन्य निजि क्षेत्र र संघ संस्थाहरुलाई परिचालन गरी काम गराउन सकेमा थुप्रै वाटाहरु छन र विगतको समयमा भएका केही कार्यहरुले पनि सत्य सावित गरेका छन् ।

कर्णाली प्रदेश सरकारले आ.व.२०७८/०७९ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट ३ (तीन) योजना छनौट गरेर रुकुम पश्चिमको मुसीकोट वडा नं ५ रुकुम पश्चिम अर्न्तगत श्री डिग्रे शाईकुमारी भगवती मन्दिर पर्यटन पुर्वाधार निर्माण गर्नको लागि वडा नं १ मा लहरा भिजाउने खोलादेखि डिग्रे शाईकुमारी मन्दिर सम्म पदमार्ग भनेर नौं लाख रुपैया विनियोजन गरेर छुट्याएकोमा त्यहाँ पदमार्ग निर्माण उपभोक्ता समिती गठन गरी निर्माण कार्य २०७८ फाल्गुन महिना भित्र निर्माण गरी सकियो तर उक्त पदमार्ग निर्माण गराउन प्राविधिकको अति महत्व हुन्छ त्यसको व्यवस्था गरेर एक दिन पनि त्यहाँ नगएर कसरी बनायो निर्माण समिती भन्ने कुराको ? डिभिजन वन कार्यालय र सब डिभिजन कार्यालयवाट प्राविधिक बेवारिसे भएका कारण PPC कति अनुपातमा राखियो, कति गहिरो खनियो र कति मात्रामा ढुंगा, बालुवा, सिमेन्ट र गिट्टी प्रयोग गरियो र अन्य के-के सामग्रीको आवश्यकता थियो ? यति कुराको समेत जानकारी छैन् । यसरी प्राविधिक ढंगले उचित अनुगमन, निरिक्षण, स्थलगत अनुगमन, परिक्षण नगर्दा यसको गुणस्तको अवस्था के छ र दिगोपनाको सम्भावना के हुन्छ थाहा छैन् ।

२ नं गेट निर्माण गर्दा रेलिङ्ग र पिलर सहितको पर्खाल निर्माण कार्यका लागि त्यही ठाउँवाट रु ८ लाख विनियोजन गरी आएकोमा गेट र पर्खाल निर्माण कार्य सम्पन्न गरियो । त्यो काम गर्दा कति सिमेन्ट, सरिया, बालुवा, ढुंगा र फर्मा जस्ता अन्य सामग्रीको प्रयोग भयो ? गुणस्तरीय कार्य गर्न गराउन कति लागत लाग्छ ? प्राविधिक लगायत कार्यलय प्रमुख जिम्मेवारी भएर गुणस्तरीय सेवा प्रवाह गर्नु पर्छ कि पर्दैन ? श्री डिग्रे शाईकुमारी परिसरको प्रवेश द्वार निर्माण गर्न के कति लागत लाग्छ, कति सामग्री चाहिन्छ ? डिजाइन हेर्दा प्रदेशमा हेर्दै यसको गुणस्तरियता कत्तिको छ ? के यो चार लाखले निर्माण हुन सक्छ ? त्यो स्रोह लाख मध्यवाट फ्रिज हालेको मध्यवाट पर्खाल, पिलर र रेलिङ्का सिटिमेट गरेर निर्माण गर्ने र निर्माण गर्न छुट्याईएको रकमवाट प्रवेश द्वार नै निर्माण गर्ने प्रावधान मिलाउन सकेको भए कसैले कसैलाई खोट र द्वोष देखाउन ठाउँ नै रहने थिएन । यसको सवै अपजसको जिम्मेवारी डिभिजन वन कार्यालय रुकुम पश्चिम, स्वत: स्वयम कार्यालय प्रमुख र प्राविधिकले लिनु पर्दछ ।

३ नं मा कर्णाली प्रदेश सरकारले धर्म, संस्कृति, परम्परा र सनातन जोगाई धार्मिक स्थलहरुको संरक्षण गरी त्यस स्थानको अस्तित्व जोगाई राख्नका लागि प्रदेश मार्फत र कम खर्च गर्ने र गराउने गरी श्री डिग्रे शाईकुमारी भगवती मन्दिर परिसरमा सरस्वती स्वामी १००८ खप्तड मन्दिरको निर्माणका लागि ३० लाख रुपैया डिभिजन वन कार्यालय रुकुम पश्चिम मार्फत प्राविधिक लागत सिटिमेट तयार गरी २०७८/०७९ रकमान्तर गरी स्वीकृत गरी पठाएको थियो । त्यतिवेला उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अर्न्तगतका योजनाहरुको लागत सिटिमेट गरी सम्पन्न गर्न गराउन र योजनाहरुको निरिक्षण गरी मुल्याङ्कन गर्नका लागि हेमराज वि.क.लाई सव-इन्जिनियर पदमा नियुक्त गरिएको थियो र पछि इन्जिनियर ल्याउने बहानामा उहाँलाई अवकाश गरियो । इन्जिनियरको विज्ञापन गरी परिक्षा वनाएर प्रदेशले नियुक्ति दिई खटाई पठाउँदा ढिला भईसकेको थियो । त्यसपछि उक्त इन्जिनियर लिएर डिभिजन वन कार्यालयमा उपस्थित भई कामकाज गर्दासम्म धेरै ढिलो भई सकेको थियो । त्यसपछि उक्त इन्जिनियर पनि छोडेर गई सकेपछि अर्को इन्जीनियर विज्ञापन गरी पठाउँदा सम्म झनै ढिलो भई विलम्ब भईसकेको थियो ।

इन्जिनीयर आइसक्दा ढिलो भईसकेकोले पहिलेकै इन्जिनीयर वाट वनाएको लागत स्टिमेटमा काम गर्ने सल्लाह भयो र काम गराउन लाग्दा मन्दिर कुन तरिकाले बनाउने, कस्तो बनाउने, ढोका कस्तो बनाउने, झ्याल कस्तो बनाउने, भेन्टिलेसन कस्तो र अन्य के कति बनाउने भन्ने कुरा कुनै पनि उल्लेख स्टमेटमा थिएन ।

मन्दिर निर्माण समितिलाई साह्रै सकस परेपछि सबै बस्तुको खोजी गर्दा १२ असार २०७९ मा इन्जिनीयरलाई योजना स्थलमा बोलाई सोधखोज गर्दा ४ फिट अग्लो र ६० से.मी. चौडा ढोका बनाउने र झ्याल, भेन्टिलेसन आफ्नै हिसावले वनाउने भनेपछि इन्जिनियरले भने अनुसारको रुकुममा बनाउने नभए पछि काठमाडौ, भैरहवा, नेपालगञ्ज, दाङ्ग कतै फेला नपारे पछि अन्तमा सुर्खेतमा बनाउने उद्योगको पहिचान भए पछि सुर्खेतमा बनाई रुकुम ल्याउँदा असार २२ गते मात्र पुग्यो ।

कति बेला बनाउने त मन्दिर ? खप्तड स्वामीको मुर्ति बनाउने भनेर असार १२ गते नै जानकारी दिए पछि १५ गते मात्र मुर्ति बनाउने कागिडलाई पहिचान गरेर सोही दिनमा नैं पेश्की रकम दिएको र मुर्ति बन्ने कार्य जारी छ । मन्दिरमा छाप्ने ढुंगा पनि खरिद गरेर ल्याई सकिएको छ । तर अन्तिम भुक्तानी गर्दा यी सामग्रीहरुको भुक्तानी नदिएर निर्माण समितिलाई डिभिजन वन कार्यालयले गरेको भन्ने गुनासो निर्माण समितीको छ । भुक्तानी नदिने भए किन मुर्ति बनाउन लगाएको र ढुंगा खरिद गरेर ल्याउन लगाएको ? भन्ने प्रश्न गरिरहेको छ निर्माण समितिले ! डिभिजन वन कार्यालय प्रमुखले प्राविधिकलाई सही ढंगले काम गराउन नसक्नु उहाँको असक्षमता भएको प्रष्ट नैं देखिएको छ ।

कुनैं पनि योजना निर्माण गराउनु भनेको नाफा र घाटाको सवाल होइन जनताका सुख सुविधाको लागि हो सरकारले छनौट गरेर ल्याएका योजनाहरु राष्ट्र र जनताका अभिरुची अनुसारका जनतालाई टेवा पुऱ्याउने खालका हुनुपर्दछ । जनताका माझमा गई काम गर्ने गराउने व्यक्ति घुस्सा गर्ने खालको हुनुहुँदैन । ज्ञान, सिप, दक्षताले पोख्त र सितल स्वभावको हुनुपर्दछ । हामीले जे चाल्छौं भनेर किन जनता माझ धाक धम्की दिने कुरा ज्ञान, सभ्यता र सम्यमता हुन सक्दैन । यस्ता धाक, धम्की, घमण्ड र ध्वाँससँग कुरा मानव समाजमा गर्न पाइदैन । यस्ता कुरा र कार्यहरु गर्ने हो भने जङ्गलको एकान्त गुफामा गएर गर्नुपर्दछ । यस्ता कुरा मानव सभ्यताका नभई मानव हिंसाका कुराहरु हुन ।

राम्रो सोँच, चिन्तन र विचार भनेका महान शक्ति हुन । नेपाल सरकारले कुनैं पनि मन्त्रालय, विभाग र कुनैं पनि कार्यालयका कार्यालय प्रमुख खटनपटन गर्दा सकभर हाम्रो भन्दा राम्रो व्यक्तिको पहिचान गरेर खटनपटन गर्ने व्यवस्था गरोस र गर्न सक्नु पर्छ कुनैं पनि निकाय, समाज वा कार्यालय यस्ता अफ्ठ्याराहरु किन आईपर्छन भने घमण्ड, ध्वाँस, अहमतावादका कारणले । डिभिजन वन कार्यालय मार्फत सञ्चालन गरिने गरी आएका योजनाहरु सञ्चालन गर्दा गराउँदा कतै समुदायमा, वडा कार्यालयहरुमा, पालिकाहरुमा खवर गराई बोलाएर बृहत छलफल गरी गराई सहमति, सहकार्य र समझदारी गराई कतै आफ्नो जिम्मेवारीको बोध गराएर संचालन गरेको कतै पाईएको छ कि छैन् ? यो समस्या उत्पन्न गराउनु भनेको यसकै जड हो ।

कार्यालय प्रमुखको ठुलो हात हुन्छ सरसल्लाह समझदारी गराई अघि बढ्नु र बढाउनु पर्ने ! हेक्का र होस कार्यालय प्रमुखज्युलाई प्रेमशंकर चौधरी प्रमुख हुँदा कतै पनि योजनाहरु अधुरा रहेन्न् र बादविवाद पनि कतै भएन्न् । सवै कामहरु समझदारीमैं सम्पन्न भए । कार्यालय प्रमुखका खुवी र दक्षताका उदाहरण यो पनि एक पर्दछ । बजारमा के नाराहरु आईराखेका छन् भने महेश कुमाई दुनियाँलाई घुमाई के यो पक्ष राम्रो हो त ? अवश्य पनि राम्रो काम होइन यसप्रति रुकुमेली जनताहरु सजक र होसियार छन् ।

कुनैं पनि अधुरा कामहरु लगातार(निरन्तर) रुपमा लागि राखैरै पुरा गर्नुपर्छ । उपभोक्ता समितिले ती योजनाहरु पुरा गर्न गराउनका लागि प्रदेशले बजेटको पुन: व्यवस्था गर्ने छ । उपभोक्ता समिति कतै पनि हत्तासित नभएर अविरल रुपमा काम गरेर गराएरै पुरा गरी छाड्नु पर्दछ । यसका लागि जायज काम गर्न गराउन समाजनै लडेरै लागि पर्ने छ यसमा कसैले पनि घोचपेच र घुसपैठ गर्न सक्ने छैन् । सरकारवाट आएको वजेटलाई फिर्ता गर्ने जनहित र विकासका लागि आएको योजनालाई अपहेलित गरेर गडवडी गर्ने चलनलाई अन्त्य गर्नको लागि समुदायका मानिसहरु लागेरै छाड्ने छन् यसमा कुनै द्विविधा छैन ‼ धन्यवाद ‼

# रेखदेख

रुकुमको लोकप्रिय पत्रिका

२०७९ भदौ ६ सोमबार । 22 August 2022 Monday



## नेपालको संविधानमा दलितको अधिकार

नेपालको संविधानमा दलितको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ ।

सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने ।सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।

• सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।

• सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।

• कुनै व्यक्तिलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने ।

• कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने ।

• उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न नपाइने ।

• जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने ।

• सबै प्रकारका छुवाछूत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने ।

• दलितले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने ।

• दलित समुदायलेआफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न पाउने ।

• सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गरिने ।

• दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने ।

• प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने ।

• दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिने ।

• दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराईने ।

• भूमिहीन दलितलाई एकपटक जमीन उपलब्ध गराईनेर आवासविहीन दलितलाई बसोबासको व्यवस्था गरिने ।

• दलित समुदायलाई प्राप्त सुविधा दलित महिला, पुरुष र सबै समुदायका दलितले समानुपातिक रूपमा पाउने गरी न्यायोचित वितरण गरिने ।

• सामाजिक रूपले पछाडि परेका महिला, दलित समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागि हुन पाउने सामाजिक न्यायको हक हुने ।

• समाजमा विद्यमान धर्म,प्रथा,परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।

• हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।

• उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।

• सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।

• समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।

• राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना दलित निर्वाचित गर्नु पर्ने ।

• गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य रहने ।

• नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य रहने ।

• जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य रहने ।

• राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रुपमा रहने र सोको अध्यक्ष र सदस्यहरु दलित मात्र रहने ।

त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम पश्चिम

## एकीकृत समाजवादी रुकुम पश्चिमको छैटौं बैठक सम्पन्न



■ रेखदेख संवाददाता

रुकुम

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) रुकुम पश्चिमको छैटौं बैठक मंगलबार सम्पन्न भएको छ। मुसीकोटमा बसेको बैठक संघीय तथा प्रदेश सभाको निर्वाचनमा केन्द्रित रहेको छ। बैठकले पार्टीलाई कसरी अगाडि लैजाने भन्ने बिषयमा पनि विचार बिमर्श सहित महत्वपूर्ण निर्णय गरेको पार्टीका जिल्ला अध्यक्ष हरिप्रसाद शर्माले जानकारी दिएका छन्।

जिल्ला अध्यक्ष शर्माका अनुसार बैठकले पार्टी सदस्यता नविकरण तथा वितरण, पार्टीका काम कारबाहीको निरन्तरता, भातृ संगठनहरुको गठन प्रक्रियाको नियमितता लगायत निर्वाचनको तयारीको विषयमा निर्णय गरेको छ।

बैठकले निर्वाचनको लागी निर्वाचन परिचालन समिती समेत गठन गरेको छ । जसमा जिल्ला इन्चार्ज देवी ओलीलाई इन्चार्ज र सहइन्चार्ज विमलकुमार पूनलाई सहइन्चार्ज तोकिएको छ भने अध्यक्ष हरि प्रसाद शर्माको अध्यक्षतामा निर्वाचन परिचालन समिती बनेको छ । यस्तै प्रदेशको क्षेत्रहरुको लागी पनि समन्वय समिती बनाइएको छ। जसमा क्षेत्र नम्बर क मा विरबहादुर शाहीको अध्यक्षतामा र ख मा मोतीराम घर्तिको अध्यक्षतामा समन्वय समिती बनाइएको पार्टीका जिल्ला सहइन्चार्ज विमलकुमार पुनले बताए । उनले बैठकले विभिन्न विभागहरुको जिम्मेवारी पनि बाँडफाड समेत गरेको छ। जसमा संगठन विभाग प्रमुखको जिम्मेवारीमा सुरजकुमार परियार, स्कुल विभाग प्रमुखको जिम्मेवारीमा धनराज खड्का लगायत विभिन्न विभागमा विभिन्न व्यक्तिालाई तोकिएको छ। पार्टीका जिल्ला कमिटी अध्यक्ष हरिप्रसाद शर्माको अध्यक्षता र सचिव सुरज कुमार परियारको सन्चालनमा रहेको बैठकमा पार्टीका पोलिटब्युरो सदस्य हंश बहादुर शाहीको प्रमुख आतिथ्यता रहेको थियो भने केन्द्रीय सदस्य तथ प्रदेश कमिटी सचिव ठगेन्द्रप्रकाश पुरीको विशेष आथित्यता रहेको थियो।

यस्तै बैठकमा केन्द्रीय कमिटी सदस्य तथा जिल्ला इन्चार्ज देवि ओली, केन्द्रीय कमिटी सदस्य तथा जिल्ला सहइन्चार्ज विमलकुमार पुनको पनि आतिथ्यता र हेको थियो ।बैठकमा स्वागत मन्तव्य जिल्ला उपाध्यक्ष कल्याणी खड्काले राखेको जनाएको छ।


### हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, विबाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

**हिमाली छापाखाना एण्ड स्टेशनरी पसल**

मुसीकोट नगरपालिका -१, तल्लो बजार

रुकुम (पश्चिम)

फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१


## रेखदेख साप्ताहिक राशिफल

६-१२ भदौ २०७९

22-28 August 2022

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५




**मेष :** यो साता धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मनोरञ्जनमा सहभागिता भइएला। वैदेशिक क्षेत्रबाट पनि सफलता मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् । घरमा अतिथिको आगमन हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।




**वृष :** यो हप्तामा नयाँ काम र शुभकार्यको चर्चा चल्नेछ। धर्मकर्म र सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ। शेयर बजारमा सफलताको सम्भावनालाई नकार्न सकिँदैन। लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । समयको सही सदुपयोग पनि हुनेछ ।




**मिथुन :** यो साताको सुरुका दिनमा यात्रामा मालसामान हराउन सक्छ । मनमा दुबिधा उत्पन्न हुनेछ। मङ्गलवारबाट सामाजिक कार्यमा रुचि जाग्नुका साथै खाद्यान्नका परिकार तथा मेवामिष्ठान्न मिल्नेछ । शेयर बजारमा सफलताको सम्भावनालाई नकार्न सकिँदैन। धार्मिक तथा समाजसेवामा मन पनि लाग्नेछ ।




**कर्कट :** यो सातामा रोकिएका अधुरा कार्यको पुनः थालनी हुनेछ। नयाँ र शुभ समाचार पनि सुन्न पाइएला। स्थानान्तरण र टाढाको यात्रा सम्भावना छ। उठ्नुपर्ने रकम हातलागी हुने समय छ, तर मध्य सातामा जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। गर का काममा ढिलासुस्ती पनि हुनेछ।




**सिंह :** यो सातामा कहीँकतैबाट कुनै उपहार प्राप्त होला। सवारी साधनको खरिद बिक्री हुने योग छ । रोकिएको धन हात पर्ला । विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ। बन्दव्यापारमा पनि फाइदा हुनेछ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।




**कन्या :** यो सातामा शैक्षिक क्षेत्रमा पनि सफलता मिल्नेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । मनोरञ्जनमा सहभागी भइएला । जग्गा जमिनको कारोबारबाट फाइदा लिन सकिनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। प्रेम सम्बन्ध कसिलो हुनेछ ।




**तुला :** साताको सुरुका दिनमा केही अप्ठ्यारा परिस्थितिको सामना गर्नु पर पनि यो सातामा एकपछि अर्को अवसर आउनाले मन प्रसन्न र हनेछ । मन प्रसन्न र हर्षित हुनेछ। आँटेको र ताकेको कार्य पुरा होला। धेरै पछि सफल र लामो यात्राको योग पनि छ।




**वृश्चिक :** आँटेको र ताकेको कार्य पुरा होला। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ । साताको अन्त्यमा कार्य सम्पादनमा समस्या आउने र आलस्य जाग्नेछ।




**धनु :** मनमा उत्साहका साथै बोली बिक्ने समय छ । शुभकार्यको चर्चा चल्नेछ । धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।




**मकर :** रमणीय र सुखद् यात्राको योग छ। प्यारो साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। मित्रबाट विशेष सहयोग मिल्नेछ। प्रेम जीवन सबल र सफल हुनेछ। हराएको आत्मविश्वास बढ्नेछ। वित्तिय संस्थाबाट सहयोग पाइनेछ। अचल सम्पत्ति हात पर्ने योग पनि छ।




**कुम्भ :** नियमित खर्च बढ्ने योग छ । सरकारी निकायको भय रहला । साताको मध्यबाट चलाखीपूर्ण बोलीले गरेको कार्य सिद्ध हुनेछ। शत्रु र रोगबाट छुटकारा मिल्ने समय छ। नजिकको मित्रसँग भेटघाट हुनेछ। प्रेमीको सहयोग पनि प्राप्त हुनेछ।




**मीन :** घर परिवारसँग भेटघाट हुनेछ। प्रेम सम्बन्धमा मधुरता छाउनेछ । खाद्यान्नका परिकार तथा मेवामिष्ठान्न मिल्नेछ। श्रमको उचित मल्याङ्कन हुनेछ। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ। सामान हराउने योग पनि छ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि,तथा सहकारी मन्त्रालय
पशुपन्छी विकास निर्देशनालय
पशु अस्पताल तथा पशु सेवा कार्यालय
रुकुम(पश्चिम)

☎ ०८८-५३००१०
फ्याक्स नं -०८८-५३००१०
ईमेलठेगाना: vetcscrukumw@gmail.com

. सं. २०७९/०८०
. नं.

मिति: २०७९।०४।३१

कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना

यस पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमको आर्थिक वर्ष २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार रुकुम पश्चिम जिल्लाका लागि तल उल्लेख गरे बमोजिमका कार्यक्रमहरुमा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ रुकुम पश्चिम जिल्लाका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/उद्यमी/निजी फर्म व्यवसायीबाट यहाँ उल्लेख भए बमोजिमका कार्यक्रमहरुका लागी दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र यस पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिममा तपशिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आह्वान गरिएको छ । उपलब्ध गराउने अनुदान रकमको अधिकतम सीमा कृषि समूह/सहकारीको हकमा अधिकतम ७०% र निजि फर्मको हकमा ५०% सम्म हुनेछ । यस सम्बन्धि थप जानकारीको लागि ०८८ ५३००१० मा सम्पर्क गर्न सकिने छ ।

प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१ सहकार्यको लागि रु.१० को हुलाक टिकट टाँस गरिएको निवेदन।
२ आर्थिक प्रस्ताव तथा संक्षिप्त व्यवसायिक कार्ययोजना ।
३ प्रस्ताव आह्वानमा स्थानीय तह वा पशु सेवा शाखाको सिफारिस ।
४ कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी।
लिजमा लिएको जग्गाको हकमा कम्तिमा १५ वर्षको कारारनामा (सम्झौता )पत्र।
५ प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नवीकरण गरेको प्रतिलिपी
६ आवेदकको नेपाली नागरिकताको प्रतिलिपी र सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/कृषक/समुह/समितिको हकमा संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्वर (PAN)दर्ता प्रमाणपत्रको प्रतिलिपी र कार्यसमितिको निर्णय।
७ कार्यक्रम कार्यान्वयन वर्ष अघिको लेखा-परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रतिलिपी।
८ प्रस्तावकले लागत साझेदारी गर्ने श्रोत खुलेको कागजात।
८ प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान।
९ सम्वन्धित विषयको तालिमको प्रमाणपत्रको प्रतिलिपी।

कार्यक्रमहरुको नाम

| क्र.स | कार्यक्रमहरु | संख्या | कुल आर्थिक सहयोग रकम रु. | कै. |
|---|---|---|---|---|
| १ | एक पालीका एक पशुपन्छी ब्लक लागत साझेदारी कार्यक्रम | ६ | ६००००००। | |
| २ | भेरी रोडकरीडोर पशुपन्छी विकास कार्यक्रम | | १००००००। | |
| ३ | राप्ती रोडकरीडोर पशुपन्छी विकास कार्यक्रम | | १००००००। | |
| ४ | मध्य पहाडी रोडकरीडोर पशुपन्छी विकास कार्यक्रम | | १५०००००। | |
| ५ | बंगुर तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम मुसिकोट ४ | | ७०००००। | |
| ६ | लागत सहभागीतामा व्यावसायीक फार्महरूमा प्राविधिक सेवा कृषि ज्यामी कार्यक्रम | ३ | १००००००। | |
| ७ | ब्लकमा पाडा पालन कार्यक्रम | ४ | ४००००००। | |
| ८ | उधोगले तोकेको स्थानमा ब्लक कार्यक्रम | १ | ५०००००। | |
| ९ | कृषि सामाग्री ढूवानीमा खरिद लागतको ३० प्रतिशत सहयोग | १ | १००००००। | |
| १० | मत्स्य पोखरी निर्माण रेम्वो ट्राउट समेत | ३ | ९०००००। | |
| ११ | भकारो सुधार कार्यक्रम | ९५ | प्रति भकारो रू २००००। | |
| १२ | दुग्ध प्रवर्दन कार्यक्रम सानीभेरी बाँफिकोट गा. पा. र आठबिसकोट न .पा.मा | ३ | १५०००००। | |
| १३ | पाउडर दुध उधोग स्थापना तथा संचालनमा अनुदान सहयोग | १ | १०००००००। | |
| १४ | भैसी श्रोत केन्द्र स्थापना तथा प्रवर्दन सहयोग मुसिकोट ४ देखी १३ सम्म | १ | ३००००००। | |
| १५ | वेरोजगार पशु सेवा प्राविधिकहरु लाई रोजगारी श्रृजनाको लागि पशु विकास कार्यक्रम | १ | १५००००। | |
| १६ | दुग्धमा प्रति लिटर रु ५ प्रोत्साहन कार्यक्रम | १ | ४००००००। | |
| १७ | स्यार्पूतालमा माछाका भूरा छोड्ने कार्यक्रम | १ | ५००००। | |
| १८ | कृषि उद्योगलाई विद्युत महशुल ७०% अनुदान | १ | ४०००००। | |
| १९ | बाख्रा ब्लक तथा मासु उत्पादनमा प्रोत्साहन कार्यक्रम | १ | २००००००। | |

नोटः गत आ.व. २०७८।०७९ मा संचालित कार्यक्रमको निरन्तरताको हकमा पुरानो समूहमै कार्यक्रम संचालन हुनेछ ।

ज्ञानु कुमार शर्मा
नि.कार्यालय प्रमुख

# अब कुकुर बिरालोलाई गर्मी हुने छैन, जापानले बनायो पंखा जडित कपडा

गर्मीको समयमा आफ्नो घरमा पालेका कुकुर तथा बिरालो लगायतका जनावरलाई आफुसँगै घरबाहिर लैजान समस्या पर्दछ । घरभित्रै पनि यी जनावरलाई निकै गर्मी महसुस हुन्छ र आत्तिन्छन् । तर अब चिन्ता लिनु पर्दैन गर्मीका कारण घरमा पालेको कुकुर बिरालोलाई बाहिर डुलाउन लैजान नपाइने समस्याको समाधान निस्केको छ । जापानस्थित एक कपडा उत्पादक कम्पनीले जनावर का लागि पंखाजडित कपडा तयार पारेको छ। टोक्योमा रहेको स्वीट मम्मी नामक उक्त कम्पनीले त्यस्तो गज्जबको कपडा तयार पारेको हो । रिपोर्ट अनुसार घर पालुवा जनावरलाई एयर कण्डिसनरयुक्त कोठामा राख्नुभन्दा उक्त कपडा पहिराउनु निकै फाइदाजनक हुन्छ। उक्त कपडाको नामक कूल डग राखिएको छ। तर त्यो कपडा कुकुरलाई मात्र नभई बिरालोलाई पनि लगाइदिन मिल्छ । उक्त कपडामा एक पहिरिन मिल्ने पंखा अर्थात् वेयरेबल फ्यान राखिएको हुन्छ जसलाई कुकुर वा बिरालोको पिठ्यूँमा जडान गर्न सकिन्छ । उक्त पंखामा दुईवटा



AAA ब्याट्री लगाइएको हुन्छ र वजन पनि निकै कम हुन्छ । कुकुर बिरालोहरु गर्मीका कारण बेहोस नहोउन् भन्नका लागि उक्त पंखाजडित कपडा डिजाइन गरिएको कम्पनीको भनाइ छ । साउथ चाइना मर्निंङ पोष्टमा दिएको एक अन्तर्वार्तामा उक्त पहिरनका डिजाइनर रेइ उजावाले कुखुर बिरालोलाई एक दिनमा १० मिनेटका लागि लगाइदिँदा पंखाको ब्याट्री तीन देखि चार महिनासम्म टिक्ने बताएका छन्। उक्त पंखा सर्टमा राखिएको छ पिठ्यूतर्फ जडित हुन्छ जसका कारण जनावरको चारैतर्फ हावा सञ्चार हुन्छ। उजावाका अनुसार मानिसका लागि बनाइएको सोनी र ेओन पकेट जस्ता एयर कन्डिसनयुक्त कपडाबाटै प्रभावित भएर कुकुर बिरालोका लागि सो पहिरनको डिजाइन गरिएको हो । रोयटर्ससँग कुरा गर्दै उजावाले गर्मीयाममा आफुले पनि आफ्नो कुकुर डुलाउनका लागि निकै समस्या भोगेको र यो वषृ जापानमा किर्तिमानी गर्मी भएको हुँदा यस्तो पंखाजडित कपडा उत्पादनको आइडिया फुरेको बताएका छन् । ओसिस पशु अस्पतालका एक पशुचिकित्सकको सुपरीवेक्षणमा उनले उक्त पंखा तयार गरेका थिए । उनले तयार गरेको कुकुर तथा बिरालोको उक्त पंखाजडित कपडाको मूल्य ९ हजार ९ सय येन अर्थात् करीब १० हजार रुपैयाँ पर्दछ । एजेन्सीको सहयोगमा

बचत गर्दा ध्यान दिऔं।

बैंक, वित्तिय संस्था तथा सहकारीहरुमा रकम जम्मा गर्दै हुनुहुन्छ?
त्यसो हो भने,
- त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं।
- बढी ब्याजको लोभमा नफसौं।
- ब्याजको लोभमा साँवासमेत नगुमाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं।

जिल्ला स्वास्थ्य कार्यालय रुकुम (पश्चिम)

रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसीकोट नगरपालिका. १, मिडियाचोक रुकुम (पश्चिम) फोन नं : ९८४७८७६७१३ इमेल : rekhadekh@gmail.com, prabir.rukum@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम